# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल।

☎: 067 – 411101, 067 – 411102

✉: paiyungapa@gmail.com

🌐: www.paiyunmun.gov.np


## कृषि शाखाको वार्षिक स्वीकृत कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सुचना !

**प्रथम पटक प्रकाशित मिति : २०७८/१०/१७**

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि शाखा अन्तर्गत आ.व. ०७८/०७९ मा संचालन गरिने तपसिल बमोजिम कार्यक्रम संचालनार्थ यो सुचना प्रकाशित भएको मितिले एक्काइस (२१) दिन भित्रमा तोकिएको ढाँचामा निवेदन भरी देहाय अनुसारको कागजातहरू सहित पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि शाखा हुवास, पर्वतमा पेश गर्नका लागि सम्बन्धीत सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल :**

| क.सं. | कार्यक्रमको नाम | अनुदान सहयोग | अनुदानग्राहीहरु | कैफियत |
|---|---|---|---|---|
| १. | ५०% अनुदानमा मिनी टिलर वितरण कार्यक्रम | कृषि यान्त्रिकीकरणमा ५०% अनुदान सहयोग | कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी | |
| २. | ५०% अनुदानमा कुटानी पिसानी मिल वितरण कार्यक्रम | कृषि यान्त्रिकीकरणमा ५०% अनुदान सहयोग | कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी | |
| ३. | अदुवा तथा बेसार र कोदो प्रवर्द्धन कार्यक्रम | कृषि समाग्री (बीउ, मल, विषादी, कृषि यान्त्रिकीकरण) र पूर्वाधारमा ५०% अनुदान सहयोग | कृषि फर्म/कृषक समूह/कृषि सहकारी | |
| ४. | भकारो सुधार कार्यक्रम | भकारो सुधार पूर्वाधारमा ५०% अनुदान सहयोग | कृषक | |
| ५. | बेमौसमी तरकारी उत्पादन प्रवर्द्धनका लागि प्लाष्टिक टनेल वितरण कार्यक्रम | निशुल्क | कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी | |
| ६. | साना सिंचाई निर्माण तथा मर्मत कार्यक्रम | निर्माण/मर्मत पूर्वाधारमा ८५% अनुदान सहयोग | कृषि फर्म/कृषक समूह/कृषि सहकारी | |

**आवश्यक कागजातहरु:**

१. तोकिए बमोजिमको ढाँचामा निवेदन र कार्यक्रम प्रस्तावना सहितको व्यवसायिक कार्ययोजना।
२. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी वा कृषक समूह/कृषि सहकारीको हकमा संचालक समितिका पदाधिकारीहरुको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी।
३. कृषि फर्म/कृषक समूह/कृषि सहकारीको हकमा दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बरको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।
४. कृषक समूह/कृषि सहकारीको हकमा संस्था संचालक समितिको कार्यक्रम माग गर्ने बैठकको निर्णयको प्रतिलिपी।
५. कार्यक्रम संचालन हुने जग्गाको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी वा ५ वर्ष लिजमा लिएको करारनामा पत्रको प्रतिलिपी।
६. कार्यक्रम संचालन हुने सम्बन्धित वडा कार्यालयको उस्तै प्रकृतिको कार्यक्रममा अनुदान दोहोरो नपर्ने व्यहोरा सहितको सिफारिस पत्र।

**थप सम्पर्क:**

श्री सन्दिप तिवारी कृषि शाखा (९८०५२८४५०४, ९८६३०४३७३०)

प्रमुख प्रशासकीय अधिकृत

केशव लामिछाने

प्रमुख प्रशासकीय अधिकृत